कालिमाटी गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कालिमाटी सल्यान

कर्णाली प्रदेश, नेपाल

प सं. २०७९।८०

मिति २०८०।०३।२६

च.नं.

सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

प्रस्तुत विषयमा सामाजिक सुरक्षा (पहिलो संशोधन) नियमावली, २०७६ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न श्रावण १ गतेदेखि भाद्र मसान्त भित्र परिचय पत्र नवीकरण गरिसक्नु पर्ने प्रावधान बमोजिम यस गाउँपालिका बाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुले समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । बालबालिका, पूर्ण अपाङ्गता भएका, ९० वर्ष माथि वा आफै उपस्थित हुन नसक्ने व्यक्तिहरुको हकमा निजका आमाबुवा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सक्नेछन् । तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइने छैन ।

आवश्यक कागजातहरु :

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. पासपोर्ट साईजको २ प्रति फोटो,

३. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

४. अपाङ्गता भएका व्यक्तिहरुको हकमा अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,

५. विधुवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस,

६. हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेका महिलाको हकमा वडाको सिफारिस ।

नोट :- सामाजिक सुरक्षा भत्ता वितिरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम म्याद भित्र नवीकरण नभएमा लाभग्राहीको लगतकट्टा गरिने र भत्ता प्राप्त हुने छैन साथै लगतकट्टा भएका व्यक्तिले पुन: लाभग्राही सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोही अनुसार गर्नु गराउनुहुन सम्पूर्णमा जानकारीको लागि अनुरोध छ ।

...............

कृष्ण प्रसाद पौड्याल

प्रमुख प्रशासकीय अधिकृत

(कृष्ण प्रसाद पौड्याल)
प्रमुख प्रशासकीय अधिकृत